ऐसेलुखर्क गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.go

१ नं. प्रदेश, नेपाल

प.स:-०७५/०७६
च.नं.:-९८८

मिति २०७६/१२/१८

बिषय :- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै )
ऐसेलुखर्क गाउँपालिका
खोटाङ

प्रस्तुत बिषयमा बिश्वव्यापी रुपमा फैलिँदै गएको कोरोना रोग Covid-19 नियन्त्रण तथा रोकथाम, RRT कार्यान्वयन समितिको मिति २०७६/१२/१८ गते बसेको बैठकबाट तपशिल अनुसारका निर्णय भएकोले उक्त निर्णय कडाईका साथ कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

**तपशिल**

१. प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा कोरोना रोग Covid-19 का शंकास्पद व्यक्तिहरु आउने सम्भाबना बढेको र बिरामीका कुरुवा धेरै आउने जसबाट रोगको संक्रमण बढ्ने खतरा भएकोले अस्पताल सुरक्षा व्यबस्थाको लागी एकजना सुरक्षाकर्मी मागको लागि ईलाका प्रहरी कार्यालयलाई अनुरोध गर्ने ।

२. वडामा क्वारेन्टाईनमा राख्नुपर्ने कोरोना रोग Covid-19 का शंकास्पद व्यक्तिहरु ( बिरामी ) पहिचान भएमा अन्य व्यक्तिमा सो रोग संक्रमण हुन नदिन त्यस्ता व्यक्तिलाई क्वारेन्टाईनमा ल्याएर राख्ने, सो को रेखदेख, सुरक्षा व्यबस्था साथै स्वास्थ्यकर्मीको सहजिकरण गर्न जनप्रतिनिधि, युवा तथा संघ सस्थाको परिचालन गर्ने जिम्मेवारी सम्बन्धीत वडाको वडाध्यक्षले गर्ने गराउने ।

३. वडा स्थित स्वास्थ्य ईन्चार्जले स्वास्थ्य चौकीमा रहेका कर्मचारीको Duty List तयार गरी क्वारेन्टाईनमा खटाउने र थप जनशक्ति आवश्यक भएमा मे.अ. डा. ज्योति प्रकाश साहसंग समन्वय गर्ने । मे.अ. ले थप जनशक्ति व्यबस्थापन गर्ने गराउने ।

४. कोरोना रोग Covid-19 संक्रमण भएको शंकास्पद बिरामी फेला परेमा तुरुन्त गा.पा.को आईसोलेशन वार्डमा पठाउने र गा.पा.ले तत्काल स्वाब टेष्टको लागी यातायतको साधन व्यबस्था गरी खोटाङ जिल्ला अस्पतालमा पठाउने व्यबस्था मिलाउने ।

२०७६/१२/१८

बुकु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बुकु प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत